annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ३२२, पृष्ठ १० | काठमाडौं, सोमबार ९ चैत २०८२ | चैत्र शुक्लपक्ष पञ्चमी, नेपाल संवत् ११४६ | MONDAY, MARCH 23, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



आवरण समाचार

## इन्टरनेटमा के गर्दैछ जेन–जी पुस्ता ?

प्रविधिको विकाससँगै नवयुवाहरूमा मोबाइल र कम्प्युटर गेमको क्रेज बढ्दो छ। विशेषतः नवयुवाले आफूलाई भुलाउनका लागि सामाजिक सञ्जालका विविध स्टेसनहरू खोजिरहेका छन्। मनोरञ्जनका लागि सुरु गरिएको गेमिङ यात्रा धेरैका लागि खराब लत जस्तै बनिसकेको छ। कतिपय राम्रा पक्ष पनि छन्।

**अजवी पौड्याल** | *काठमाडौं*

विस्तृत पृष्ठ २

## परीक्षा रोकिँदा विद्यार्थी आक्रोशित, वीरगन्ज दिनभर तनावग्रस्त



**क्रान्ति शाह** | *वीरगन्ज*

वीरगन्ज आइतबार दिनभर तनावग्रस्त बन्यो, जब हरि खेतान बहुमुखी क्याम्पसका विद्यार्थी परीक्षा दिनबाट वञ्चित भएपछि सडकमा उत्रिए। क्याम्पस प्रशासनले यसअघि सार्वजनिक गरेको कार्यतालिका अनुसार कक्षा ११ र १२ को परीक्षा सुरु हुने दिनमै अचानक स्थगित गरिएपछि विद्यार्थी आक्रोशित बनेका थिए।

बिहानैदेखि क्याम्पस पुगेका विद्यार्थीलाई गेटमै रोकेपछि उनीहरूले धर्ना, नाराबाजी र प्रदर्शन सुरु गरे। स्थिति चर्किँदै जाँदा प्रहरीले लाठीचार्ज गर्नुका साथै ३ जना विद्यार्थीलाई नियन्त्रणमा लिएको थियो। लाठीचार्जबाट एक विद्यार्थी घाइते भएपछि प्रदर्शन अझ उग्र बन्यो।

आक्रोशित विद्यार्थीहरूले घण्टाघर चोकमा पुगेर सडक अवरुद्ध गरे, टायर जलाए र प्रहरीसँग झडपसमेत भयो। उनीहरूले जिल्ला प्रशासन कार्यालयसम्म पुगेर विरोध जनाए पनि सुरक्षाकर्मीले गेटमै रोकेपछि पुनः क्याम्पस फर्केर प्रदर्शन जारी राखे। सो क्रममा क्याम्पसको बसमा तोडफोड गर्नुका साथै सडक किनारका रूख बिरुवासमेत भाँचेका थिए।

विद्यार्थीहरूले क्याम्पस व्यवस्थापन र शिक्षकबीचको लामो समयदेखि जारी द्वन्द्वका कारण आफ्नो शैक्षिक भविष्य संकटमा परेको गुनासो गरेका छन्। 'एक वर्षदेखि कुनै पनि आन्तरिक परीक्षा हुन सकेको छैन,' एक विद्यार्थीले आक्रोश व्यक्त गरे।

उता व्यवस्थापन पक्षले शिक्षकहरूलाई अनावश्यक माग राखेर आन्दोलन गरेको आरोप लगाएको छ भने शिक्षक पक्षमाथि विद्यार्थीलाई उचालेर वातावरण बिगारेको आरोप लागेको छ।

साँझ जिल्ला प्रशासन कार्यालयमा बसेको बैठकले तीनबुँदे निर्णय गरेपछि स्थिति सामान्यतर्फ फर्किएको छ। निर्णयअनुसार स्थगित परीक्षा र पठनपाठन तत्काल सञ्चालन गरिने, घाइते विद्यार्थीको उपचार क्याम्पसले गर्ने तथा अन्य समस्याबारे पुनः छलफल गरिने सहमति भएको छ।

यो घटनाले शैक्षिक संस्थाभित्रको आन्तरिक द्वन्द्वको प्रत्यक्ष असर विद्यार्थीमाथि कस्तो गम्भीर

## हर्मुजको जलघाँटीबाट उदयपुरका झा इरानको नियन्त्रणमा

**मेघराज सापकोटा** | *दुबई*

इरानी सुरक्षाकर्मीले हर्मुजको जलघाँटीबाट उदयपुर गाईघाटका ३३ वर्षीय अमृत झालाई नियन्त्रणमा लिएका छन्। दुबईस्थित एक समुद्री कम्पनीमा क्याप्टेनका रूपमा कार्यरत अमृत इरानबाट तेल बोकेर फर्कने क्रममा हर्मुज जलघाँटीनजिकै पक्राउ परेका हुन्। परिवारलाई उनले पठाएको अन्तिम सन्देशमा आफूसहित दुई भारतीय नागरिक पनि नियन्त्रणमा रहेको र उद्धारका लागि पहल गरी दिन आग्रह गरेका थिए। तर, केही घण्टामै सम्पर्क विच्छेद भएपछि उनको अवस्थाबारे अन्योलता छ।

हर्मुज जलघाँटी विश्व ऊर्जा आपूर्तिको प्रमुख मार्ग हो, जहाँबाट करिब २० प्रतिशत तेल आपूर्ति हुन्छ। पछिल्लो अमेरिका-इजरायल-इरान तनावपछि यो क्षेत्र अत्यन्त संवेदनशील बनेको छ। इरानले शंकास्पद ठानेका विदेशी जहाजहरू नियन्त्रणमा



लिन थालेको छ, जसको प्रत्यक्ष प्रभाव अमृतजस्ता कामदारमा परेको देखिन्छ। केही दिन तेल निर्यात ठप्प पारेको इरानले भारत, चीन र आफू निकट मुलुकहरूमा निर्यात खुकुलो पारेको छ।

नेपाल सरकारले कतारस्थित दूतावासमार्फत कन्सुलर पहुँचको प्रयास गरिरहेको जनाएको छ। तर, युद्धको अवस्था, इरानबाट औपचारिक जानकारीको अभाव र प्रत्यक्ष कूटनीतिक पहुँच नहुँदा उद्धार प्रयास जटिल बनेको छ। हर्मुज क्षेत्रमा हजारौं जहाज रोकिएका छन् र हजारौं समुद्री कामदार प्रभावित भएका छन्। उक्त क्षेत्रमा विभिन्न देशका २० हजारभन्दा बढी कामदार अलपत्र परेको अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूले जनाएका छन्।

इरानी पक्षले जहाजलाई 'शत्रु गठबन्धनसँग सम्बन्धित' हुन सक्ने आशंका व्यक्त गरेको बताइएको छ। यस्तो अवस्थामा जहाज र त्यसमा कार्यरत श्रमिकहरू राजनीतिक निर्णयको चपेटामा परेका छन्। अमृतका परिवारका अनुसार केही सातापछि घर फर्किने योजना सुनाएका अमृत अहिले कहाँ र कस्तो अवस्थामा छन् भन्ने थाहा छैन। परिवारले सरकारी निकायदेखि दूतावाससम्म गुहार मागिरहेको छ। यो घटना केवल एक व्यक्तिको समस्या नभई खाडी क्षेत्रमा रहेका लाखौं नेपाली श्रमिकको जोखिमको संकेत हो। पछिल्लो तनावपछि हजारौं नेपालीले स्वदेश फर्किन इच्छा व्यक्त गरेका छन् भने केही घाइते र मृत्युका घटनासमेत सार्वजनिक भएका छन्। इरान-इजरायल-अमेरिका युद्धमा गोरखाका दिवस श्रेष्ठको मृत्यु भएको छ भने कति नेपाली घाइते भए भन्ने ठ्याक्कै भन्न सकिने अवस्था छैन। विभिन्न देशका दूतावासहरूमा १० जना नेपाली काम गरिरहेकामध्ये केही फर्की सकेका र अझै ६ जना नेपाली इरानमै रहेको जनाइएको छ।

समुद्री मार्ग असुरक्षित बन्दै जाँदा तेल ढुवानी, बिमा दर र अन्तर्राष्ट्रिय व्यापारमा समेत असर परेको छ। तर, यसको गहिरो प्रभाव श्रमिकको सुरक्षामा देखिन्छ, जहाँ उनीहरू प्रत्यक्ष जोखिममा परिरहेका छन्। नेपालको इरानमा दूतावास नहुँदा उद्धार प्रक्रिया अझ जटिल बनेको छ। कतारमार्फत हुने कूटनीतिक समन्वय ढिलो हुने हुँदा संकटमा परेका नेपालीहरू तत्काल सहयोगबाट वञ्चित हुन सक्छन्।

» बाँकी पृष्ठ ५

## द्वन्द्व अन्त्यका लागि इरानका ६ सर्त

**बेरुत** (एजेन्सी): तेहरानले अमेरिका-इजरायली आक्रमणको प्रतिक्रियामा पूर्व-योजनाबद्ध, बहुचरणीय रणनीति बनाइरहेको र द्वन्द्व अन्त्यका लागि ६ वटा सर्तहरू राखेको इरानका एक वरिष्ठ अधिकारीले आइतबार बताएका छन्।

नाम नबताउने सर्तमा ती अधिकारीले भने, 'महिनौं पहिले तयार गरिएको रणनीति 'उच्च रणनीतिक धैर्यताका साथ' कार्यान्वयन भइरहेको छ।' इरानले आफ्नो पूर्वाधार, सेवा सुविधा र रणनीतिक स्थानहरूमा आक्रमण गरेपछि चाँडै युद्धविराम हुने अपेक्षा नगरेको पनि उनले बताए।

धेरै क्षेत्रीय मध्यस्थकर्ताहरूले द्वन्द्व अन्त्यका लागि उपायहरू प्रस्ताव गरेका छन्, ती अधिकारीले भने। तेहरानले कुनै पनि सम्झौताअघि नयाँ आक्रमण नहुने सुनिश्चितता, यस क्षेत्रमा अमेरिकी आधार बन्द गर्ने, इरानलाई क्षतिपूर्ति, क्षेत्रीय मोर्चामा शत्रुताको अन्त्य, 'स्ट्रेट अफ हर्मुज'का लागि नयाँ कानुनी ढाँचा र इरानप्रति शत्रुतापूर्ण मानिने मिडिया र व्यक्तित्वहरूविरुद्ध कानुनी कारबाहीसहित पूरा गर्नुपर्ने ६ वटा सर्त राखेको छ।

# संस्थापनद्वारा गगनको राजीनामा अस्वीकृत, देउवा पक्षद्वारा केन्द्रीय समिति आह्वान

## कांग्रेसमा समानान्तर गतिविधि

**राधा खनाल** | *काठमाडौं*

चुनावमा सुसुप्त कांग्रेसको आन्तरिक विवाद फेरि सतहमा देखिन थालेको छ। विशेष महाधिवेशनबाट चयन भएको केन्द्रीय समितिले सभापति गगन थापाको राजीनामा अस्वीकृत गरेको छ। उता शेरबहादुर देउवा पक्षले आफू पार्टीको आधिकारिक समूह भएको दाबी गर्दै केन्द्रीय समितिको बैठक बोलाउने निर्णय गरेको छ।

तत्कालीन संस्थापन देउवा पक्षको सहभागिताबिनै विशेष महाधिवेशन गरेर थापाको नेतृत्वमा गठित कार्यसमितिको आइतबार बैठक बसेको थियो। चुनावमा पार्टीको शर्मनाक हार भएको भन्दै सभापति थापाले पदबाट दिएको राजीनामालाई बैठकले अस्वीकृत गर्ने निर्णय गरेको थियो। यद्यपि, चुनावमा भएको हारको नैतिक जिम्मेवारी लिँदै पदबाट राजीनामा दिएका थापा स्वयं भने बैठकमा सहभागी थिएनन्। उनी बस्ने कुर्सी खाली राखिएको थियो





भने बैठकको सभापतित्व उपसभापति विश्वप्रकाश शर्माले गरेका थिए। सभापति थापा पारिवारिक भ्रमणमा पोखरा पुगेका थिए।

शुक्रबार र आइतबार पार्टी केन्द्रीय कार्यालय सानेपामा बसेको बैठकले थापाको राजीनामा अस्वीकार गर्ने प्रस्ताव पारित गरेको हो। उपसभापति शर्माले सभापतिको राजीनामा अस्वीकार गर्ने प्रस्ताव बैठकमा पेस गरेका थिए। उक्त प्रस्ताव अस्वीकार भएको प्रवक्ता देवराज चालिसेले जानकारी गराए। ८ वटा आधारसहित सभापतिको राजीनामा अस्वीकार गर्ने निर्णय भएको प्रवक्ता चालिसेले जानकारी दिए।

संरचनागत समस्या तथा नियन्त्रण बाहिरका परिस्थिति, वर्तमान राष्ट्रिय परिस्थितिमा सभापति थापाको नेतृत्व अझ आवश्यक रहेको अनुभूति भएको, राजीनामा स्वीकार गर्दा पार्टीभित्र अनावश्यक अस्थिरता, अन्योल तथा कार्यकर्ताको मनोबलमा गिरावट आउने सम्भावना रहेकाले, राजीनामा बाध्यकारी नभई नैतिक र स्वेच्छिक विषय भएकाले यसको सम्मान गर्दै अस्वीकार गर्नु उपयुक्त देखिएको लगायतका कारण रहेको प्रवक्ता चालिसेले जानकारी दिए।

उनका अनुसार सामूहिक जिम्मेवारीको सिद्धान्त तथा पार्टी नेतृत्वको स्थायित्वको आवश्यकताको सिद्धान्तमा आधारित रहेकाले, विशेष महाधिवेशनपश्चात् प्रारम्भ गरिएको सुधार कार्यक्रम (कांग्रेस २.०) कार्यान्वयनको निरन्तरता आवश्यक रहेकाले, पार्टीलाई आगामी १५औं महाधिवेशनतर्फ केन्द्रित गर्नुपर्ने आवश्यकता भएको, केन्द्रीय कार्यसमितिको पूर्ण बैठकबाट सर्वसम्मत निर्णय भएको कारण थापाको राजीनामा अस्वीकृत गरिएको हो। बैठकमा उपसभापतिद्वारा प्रस्तुत विषयमाथि ८८ जना सदस्य तथा पदाधिकारीले धारणा राखेका थिए।

बैठकपछि जारी विज्ञप्तिमा भनिएको छ, 'प्रतिनिधिसभा निर्वाचनको परिणामलाई लिएर यसको नैतिक जिम्मेवारी लिँदै उपसभापति समक्ष विधानको धारा २६ (१) बमोजिम पेस गरेको राजीनामालाई केन्द्रीय कार्यसमितिको बैठकले सर्वसम्मत रूपमा अस्वीकृत गर्ने निर्णय गरेको छ।'

उपसभापति शर्माले चरम गुटबन्दी तथा आन्तरिक असहयोगका कारण संगठनात्मक शक्ति कमजोर हुनु, गठबन्धन सरकारको कार्यसम्पादनमा जनअपेक्षाविपरीत परिणाम देखिनु र बिगतका शासन व्यवस्थाका संरचनागत कमजोरीहरूका कारण जनआक्रोश बढ्नुले चुनावमा पार्टीले हार बेहोरेको २७ बुँदे प्रस्ताव पेस गरेका थिए।

प्रवक्ता चालिसेले कम्तीमा २१ वटा क्षेत्रमा अन्तरघातका कारण पार्टीले नराम्रोसँग पराजय भोग्नुपरेको निष्कर्ष निकालिएको जानकारी दिए। चालिसेले ५ देखि ३ हजारभन्दा कम मतान्तरले हारिएका क्षेत्रहरूमा मुख्यतः पार्टीकै आन्तरिक कारण जिम्मेवार रहेको दाबी गरे।

**देउवा पक्षले समानान्तर गतिविधि गर्ने**

पूर्वकार्यवहाक सभापति पूर्णबहादुर खड्काको नेतृत्वमा शीर्ष नेताहरूबीच शेरबहादुर देउवा पक्षको पूर्वसंस्थापन पक्षको बैठक आइतबार बसेको थियो। शेखर कोइराला समूह पनि सम्मिलित उक्त बैठकले पुरानो केन्द्रीय समितिको बैठक बोलाउने निर्णय गरेको थियो।

» बाँकी पृष्ठ ५